भ्रामक समाचार, हल्ला र अफवाहरूले जसरी जनजिवन अस्त व्यस्त बनाएको थियो, अहिले कोरोना भाईरसको महामारिको अवस्था पनि त्यस्तै छ । हामि सबै मिलेर यसको निराकरणमा महत्वपुर्ण भुमिका खेल्न सक्छौं । यसकालागि हामिले विश्वसनिय एवं स्रोत खुलेका सहि सूचना निर्णायक तहसम्म प्रवाह गर्न सक्छौं ।

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।


कोरोनाको संकेतमा तापक्रम जाच गर्दै
तस्बिर: Sunil Pradha/Anadolu




## कोभिड - १९ को ट्रेसिङ र टेस्टिङ कार्यमा सहयोग र सहजिकरणका लागि सरकारबाट विशेष टिमको गठन



### टिमको संरचना:

जनस्वास्थ्य अधिकृत १ जना
ल्याव टेक्नीसियन/असिस्टेन्ट १ जना
प्यारामेडिक/नर्स १ जना

## टिम परिचालन




प्रत्येक महानगरपालिकामा ५ वटा टिम

प्रत्येक उप-महानगरपालिकामा ३ वटा टिम

प्रत्येक नगरपालिकामा २ वटा टिम

प्रत्येक गाउँपालिकामा १ वटा टिम

# हल्ला र तथ्य



वैदेशिक रोजगारीमा जाने श्रमिकलाई अब सरकारले अनुमती दिने निर्णय गऱ्यो रे ।

कोरियन भाषा परिक्षा ईपीएस पास भएर छनौट भएका श्रमिकलाई सरकारले अनुमती दिने भएको छ । ईपीएस सेवा अन्तरगत कोरिया जाने श्रमिकलाई मात्र दुई देशको आपसी सल्लाह र सहमतीमा कोरिया जानको लागि अनुमती दिने निर्णय मन्त्रीपरिषदले गरेको छ । खाडी मुलुकको लागि भिषा आईसकेका वा अनुमती लिएका श्रमिकको हकमा यो निर्णय लागु हुने छैन ।



विश्व स्वास्थ्य संगठनले नेपालमा अव कोरोनाको जोखिम छैन भन्यो रे नि त ।

विश्व स्वास्थ्य संगठनले आफ्नो नियमित स्थीती प्रतिवेदनमा देशहरूलाई संक्रमण जोखिमको आधारमा चार तहमा वर्गिकरण गर्ने गरेको छ । जस अन्तरगत नेपाललाई यस अघी अति जोखिमको सूचीमा राखेकोमा हाल एक स्तर बृद्धी गरी जोखिममा राखेको छ । रणनीतिक तयारी र प्रतिकार्य योजनाको आधारमा यसको मुल्यांकन गरिन्छ । यो महामारी भएकोले सबै देश जाखिममा हुने पनि विश्व स्वास्थ्य संगठनले जनाएको छ ।



विश्वविद्यालयले अनलाईन कक्षा सञ्चालन गऱ्यो भन्ने सुनिन्छ । के यसकै आधारमा विद्यार्थिले परिक्षा दिनुपर्ने हो ?

त्रि.वि.का अधिकांश विभाग र क्याम्पसले जुम, गुगल, एसएमएसबाट अनलाईन कक्षा चलाउदै आएका छन् । प्रत्येक अनलाईन कक्षाको रेकर्ड राखी सम्बन्धीत प्राध्यापकले आफ्नो निकायमा ईमेलमा पठाउनु पर्नेछ । कक्षामा उपस्थित हुन नपाएका विद्यार्थीहरूलाई रेकर्ड उपलब्ध गराईने छ । अनलाईन कक्षामा सहभागी भएको हाजिर अनुसार शिक्षकलाई पारिश्रमिक र विद्यार्थीलाई परिक्षामा सहभागि गराउने भनेर निर्देशिका पनि विश्वविद्यालयले जारी गरेको छ ।



लखौं युवाहरु वैदेशिक रोजगारीबाट फर्किने निश्चित छ । यसले बेरोजगारीको विकराल अवस्था श्रृजना गर्ने छ । यस सन्दर्भमा सरकारको योजना के छ ?

यसका लागि बेरोजगारको लगत संकलन गर्ने, त्यसलाई अधावधिक गर्ने र वैदेशिक रोजगारीबाट फर्केका युवालाई लक्षित गरी नयाँ बजेटमा १० अर्व रुपैयाँ बराबरको स्वरोजगार कार्यक्रम ल्याउने गरी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले गृहकार्य थालेको छ ।

## सूचनाका स्रोतहरु


नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय कोरोना भाईरस रोग (COVID – 19) सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकाय

जोन्स् होपकिन्स् कोरोना भाइरस स्रोत केन्द्र

स्वास्थ्य र जनसंख्या मन्त्रालय

कोरोना कोष सञ्चालन निर्देशिका, २०७६

कोभिड(१९ को अवस्थाअ

कृषि तथा पशुपंछी विकास मन्त्रालय

नेपाल श्रम शक्ति सर्वेक्षण

सुरक्षित हुन के गर्ने

प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय




# मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

**साउदी अरव**
३,५२,६६७ नेपाली
१७,५२२ संक्रमित
४ नेपाली संक्रमित

**कुवेत**
८२,६३० नेपाली
३,०७५ संक्रमित
२१ नेपाली संक्रमित

**बहराईन**
२८,२७६ नेपाली
२,६३३ संक्रमित
४९ नेपाली संक्रमित

**कतार**
४,३७,००९ नेपाली
१०,२८७ संक्रमित
२ नेपाली संक्रमित

**युएई**
२३,११,०८८ नेपाली
१०,३४९ संक्रमित
७१ नेपाली संक्रमित

**ओमान**
८,२५० नेपाली
१,९९८ संक्रमित

**मलेसिया**
४,६९,१३१ नेपाली
५,७८० संक्रमित
३ नेपाली संक्रमित

**दक्षिण कोरिया**
५३,६९१ नेपाली
१०,७३८ संक्रमित




**ShramikSanjal**

## खाडी मुलुकबाट दुई समाचार

**कुवेत:** कुवेतमा दिन लागिएको आममाफीको लागि २६ देखी ३० अप्रिल सम्म नेपालीहरूको लागि समय तोकिएको छ । कागजपत्र नभएका श्रमिकहरूलाई नेपाली दुतावासले कागज पत्र (ट्राभल डकुमेन्ट) उपलब्ध गराईरहेको छ । नेपाल सरकारको सहयोगमा कुवेतमा डकुमेन्ट बिना बस्नु भएका हजारौं श्रमिकले यो सुबिधा लिन पाएका छन् ।

**यु.ए.ई.:** २४ सैं घण्टा लकडाउन गरेको दुबाईले लकडाउन खुकुलो बनाउनुका साथै केही दिन देखी बन्द रहेको दुबाई मेट्रो पुन: सूचारु गरेको छ ।

## सरकारलाई सुझाव



बिदेशमा हजारौं श्रमिकले आफ्नो रोजगारी गुमाएका छन् । हजारौं श्रमिक बेतलबी बिदामा छन् । यस्तो बेलामा आफ्नो घर जान पाउनु उनिहरुको नैसर्गिक अधिकार हो । तर, सरकारले गरेको देशव्यापी लकडाउन र अन्तरराष्ट्रिय उडान बन्द भएको कारणले गर्दा अहिले परदेशमा अप्ठेरोमा परेर आफ्नो देश फर्किन चाहने लाखौं श्रमिकहरूलाई स्वदेश फर्किन दिनु र त्यसको लागि उचित व्यावस्था गर्नु सरकारको दायित्व हो । यसको निकास छिट्टै हुने कुरामा श्रमिकहरु निकै आशावादी रहेका छन् ।



सही सूचना

## वैदेशिक रोजगारीमा रहेका श्रमिकहरुले गन्तव्य राष्ट्रमा ज्यान गुमाईरहेका छन् । के यस विषयमा नेपाल सरकारले चासो राखेको छ ?




नेपालमै कोरोनाबाट संक्रमित र मृत्युको संख्यालाई विदेशमा संक्रमित र मृत्यु हुने नेपालीको संख्यासंग तुलना गर्दा अवस्था सोचनिय छ । यु.ए.ई., कुवेत, र बहराईन लगायत खाडीका मुलुकमा थुप्रै नेपालीहरु रोकिएका छन् । त्यसरी विदेशमा रोकिएका नेपाली श्रमिकहरुलाई सुरक्षित रुपमा स्वदेश फिर्ता गर्न सरकारले विशेष रणनीति बनाउनुका साथै कुटनीतिक पहल गर्नुपर्ने टड्कारो आवश्यकता देखिन्छ ।

## वैदेशिक रोजगारीमा रहेका नेपालीबिचको त्रास:



कोरोना भाईरस संक्रमित हुनु



बलजफ्ती नेपाल फकाईनु



रोजगारीबाट निकालिनु



परिवारसंग सम्पर्क बिच्छेद र मानसिक आघात हुन

# $ फलो द मनी

## संघिय सरकार

तिन पटक गरेर नेपाल सरकार अर्थ मन्त्रालय मार्फत छुट्याईएको
**करिब १ अर्ब ४८ करोड**

कोरोना भाईरस जोखिम नियन्त्रण, रोकथाम तथा नियन्त्रण कोषमा जम्मा
**करिब २ अर्ब १० करोड**



जम्मा

खर्च

कोरोना भाईरस विरुद्धका गतिविधिमा नेपाल सरकारले गरेको खर्च
**करिब १ अर्ब ५० करोड**

| प्रदेश | जम्मा रकम | खर्च गरिएको रकम | बाँकी रकम |
|---|---|---|---|
| प्रदेश १ | करिब २८ करोड ८२ लाख | करिब १२ करोड ६ लाख | करिब १६ करोड ७६ लाख |
| प्रदेश २ | ६१ करोड | १७ करोड ७० लाख | ४३ करोड ३० लाख |
| बागमती प्रदेश | ??? | १२ करोड ३२ लाख | ??? |
| गण्डकी प्रदेश | करिब १५ करोड | ९ करोड २० लाख | ५ करोड ८० लाख |
| प्रदेश ५ | २३ करोड ६० लाख | १३ करोड ६० लाख | १० करोड |
| कर्णाली प्रदेश | ??? | १३ करोड २० लाख | ??? |
| सुदुरपश्चिम प्रदेश | करिब ४० करोड २७ लाख | २० करोड १९ लाख | २० करोड ८ लाख |

नोटः यो विवरण पूर्ण हैन । उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो।
थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौं ।

# कोरोनाले वातावरणमा पारेका केही सकारात्मक असरहरु

संकट आफैमा राम्रो हैन तर, कोरोनाले ल्याएको सकारात्मक असरको पाटोलाई पनि नकार्न मिल्दैन ।







## हावाको गुणस्पतरमा सुधार

विश्व अहिले आराम गर्दैछ जस्तो छ । नेपाल पनि यसको अपवाद रहेन । मानविय गतिविधिहरु ठप्प जस्तै हुँदा यसको सकारात्मक प्रभाव हावाको गुणस्तर सुधारमा परेको छ ।

## हरित गृह ग्यास उत्सर्जनमा कमी



यस भन्दा पहिला सन् २००८ - २००९ को विश्व आर्थिक मन्दीको समयमा हरित गृह ग्याँसको उत्सर्जनमा कमी आएको थियो । अहिले विश्व भरी नै ठुला उद्योगहरु ठप्प भएकाले हरित गृह ग्याँस उत्सर्जनमा कमि आएको छ ।



## हिमाली क्षेत्रमा प्रदुणणमा कमी

लकडाउनले आन्तरिक तथा बाह्य प्रयटकको आवत जावत पूर्ण रुपमा ठप्प भएकोले हिमाली क्षेत्रमा हुने प्रदुषणमा कमी आएको छ । जसले गर्दा त्यहाँको तपमानमा सन्तुलन आएको छ ।

## राष्ट्रिय निकुञ्जमा हुने कोलाहलमा कमी



सरकारले निकुञ्ज, पार्क लगायतका आवत जावत गर्न प्रतिवन्ध लगाएकोले निकुञ्नमा हुने हल्ला कोलाहामा कमी आएको छ ।



## नविकरण गर्न नमिल्ने उर्जाको खपतमा कटौती

अहिले लकडाउनको समयमा अत्यावस्यकिय वस्तुको ढुवानी गर्नमात्र सवारी साधन सञ्चालनमा छन् । अनुमानित ५% मात्र सवारी साधन चलेकाछन् । यसले उर्जा खपतमा भारी कटौती गरेको छ ।

# मलाई कोरोना भाईरसको संक्रमण देखिएमा के गर्ने ?

## COVID-19
## हटलाईन सेवा

टोल फ्री हटलाइन
२४ घण्टा क्टर परामर्श
१११५ र ११३३

हिंसा र दुरुपयोगको
जानकारी
९८०११९३०८८

खाना
१०० र ११३७

### यसको परिक्षण कहाँ हुन्छ?

यो रोगको परिक्षण राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकुका साथै सबै प्रदेशमा गरी जम्मा १४ वटा ठाउँहरुमा कोभिड - १९ को पि.सि.आर. विधिबाट नमुना परिक्षण गर्ने प्रयोगशालाहरु सञ्चालनमा छन् र आ.डि.टि. प्रविधिबाट ७७ वटै जिल्लामा यसको परिक्षण हुन्छ ।

### बिरामि आफै प्रयोगशालामा जान मिल्छ कि मिल्दैन ? कति शुल्क लाग्छ?

बिरामि सिधै यस प्रयोगशालामा आउन मिल्दैन ।
यसको परिक्षणकोलागि कुनै शुल्क लाग्दैन ।

### रिपोर्ट आउन कति समय लाग्छ?

पि.सि.आर. विधिबाट नमुना प्रयोगशालामा पठाएको ६ देखी ४८ घण्टामा यसको रिपोर्ट लिन सकिन्छ भने, आर.डि.टि. प्रविधिबाट १५ मिनेटमा यसको रिपोर्ट थाहा पाउन सकिन्छ ।

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, र सिभिक एक्सन टिमले यहि अप्रिल महिना भित्र २००० भन्दा बढी व्यक्तिसंगको संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219